# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।०८।१५ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

ललितपुर महानगरपालिका वडा नं. २८ का इन्जिनियर महेन्द्र महर्जनले सेवाग्राहीको घरको निर्माण सम्पन्न पश्चात निर्माण सम्पन्न प्रमाण-पत्र लिनका लागि रकम लाग्छ भनी घुस रकम माग गरिरहेको भन्ने उजुरीको आधारमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग टंगालबाट खटिई गएको टोलीले निज इन्जिनियर महेन्द्र महर्जनलाई सेवाग्राहीसँग रु.१०,०००।-(दस हजार) घुस/रिसवत वापतको रकम लिईसकेको अवस्थामा नियन्त्रणमा लिएको थियो ।

अनुसन्धानको सिलसिलामा सेवाग्राहीको घर निर्माण सम्पन्न पश्चात प्रमाणपत्र लिनको लागि सिफारिस दिन रु. १०,०००।-(दश हजार) लाग्छ भनी घुस/रिसवत माग गरी लिएको भन्ने तथ्य प्रमाणित हुन आएकोले निज महेन्द्र महर्जनको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर भए गरेको देखिंदा निजलाई बिगो रु. १०,०००।-कामय गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

प्रवक्ता
प्रदीपकुमार कोइराला